नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

प्रधान कार्यालय
धर्मपथ, काठमाडौं

# प्रेस विज्ञप्ती

## नेपाल बैंक लिमिटेडको मुलुकभर वित्तीय साक्षरता कार्यक्रम

नेपाल बैंक लिमिटेडले ग्लोबल मनी विक अन्तर्गत विभिन्न स्थानमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ।

बैंकले आफना शाखामार्फत देशका विभिन्न ठाउँमा वित्तीय साक्षरता र सचेतनाका कार्यक्रमहरु आयोजना गरेको हो। ग्लोबल मनी विक २०२३ को मुख्य नारा 'प्लान योर मनी, प्लान्ट योर फ्युचर' भन्ने विषयवस्तुमा केन्द्रित भई युवावर्गमा वित्तीय साक्षरता सम्वन्धी कार्यक्रम आयोजना गरेको हो।

कार्यक्रम अन्तर्गत स्कुल तथा कलेजमा आधुनिक बैंकिङ्ग, बचत, ऋण, लगानी, विद्युतीय बैंकिङ्ग सेवा र यसमा अपनाउनुपर्ने सावधानी समावेश गरी वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको हो। बैंकले आफनो आधिकारीक सामाजिक सञ्जालबाट समेत यस सम्वन्धमा सचेतना अभिबृद्धि गर्दै आएको छ। अज्ञात स्रोतबाट प्राप्त लिंक कतै नखोल्न, संवेदनशिल विवरण शेयर नगर्न, डिजिटल ठगीबाट सुरक्षित रहन समेत विभिन्न सूचनाहरु सम्प्रेषण गर्दै आएको छ।

संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत देशभरीका आफनो शाखा सञ्जाल र डिजिटल प्लेटफर्मबाट वित्तीय कारोवार, सोको सदुपयोगिता सम्वन्धमा आधारभुत ज्ञान प्रदान गर्दै नागरिक चेतना जगाई निरन्तर रुपमा बैंकले वित्तीय साक्षरता सम्वन्धी कार्यक्रम गरिरहेको छ। बैंकले सातै प्रदेश अन्तर्गत वित्तीय साक्षरता कार्यक्रम अगाडी वढाएको हो।

नेपालभर २२८ शाखाहरु, २०३ ए.टि.एम. साथै ५२ एक्सटेन्सन काउन्टर मार्फत करिब २३ लाख ग्राहकहरुलाई वित्तीय सेवा पुऱ्याइरहेको यो बैंक हाल ग्राहक सेवामा व्यापक सुधार गरी आधुनिक बैंकिङ्ग प्रविधि मार्फतसेवा प्रवाह गरि प्रतिस्पर्धी रुपमा अगाडी बढिरहेको छ।

मिति : २०७९ चैत्र १६ गते विहिवार

भवदीय,

................................

(प्रकाश कुमार अधिकारी)
प्रमुख सूचना अधिकारी

फोन – ४२२०६७०(Direct) Ext. ४१०,४१९,४१४
टोल फ्री नं. : १६६००१३७३७३
नेपालको पहिलो बैंक
E-mail : marketing@nepalbank.com.np / Website : www.nepalbank.com.np